


# १० साबथ विश्राम

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति १:२६,२७, उत्पत्ति ९:६, २ पत्रुस २:१९, रोमी ६:१-७, प्रस्थान १९:६ र यूहन्ना ५:७-१६।

*यस अध्यायको मूल सार पद:* **"'छ दिन काम गरिओस्, तर सातौं दिनचाहिँ विशेष वा महत्त्वपूर्ण विश्रामको शबाथ, एक पवित्र सभा वा समारोहको दिन हो। त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू। तिमीहरूले जहीं बसोबास गरे तापनि त्यो परमप्रभुको शबाथ हो।" (लेवीहरू २३:३ रूपान्तरित)।**

साबथ र त्यसलाई कसरी पालना गर्नुपर्छ भन्ने धारणामा इसाईहरूको बीचमा बादविवाद, तर्कबितर्क, सहमत असहमतहरू भएका थिए र जारी पनि भइरहेको छ, छैन त? ती तर्कहरूमा येशूले हप्ताको सातौं दिन साबथबाट आइतबारमा सार्नुभयो, येशूले नै साबथ निलम्बन गर्नुभयो, पावलले पनि साबथको गरिमालाई हटाए, येशूको पुनरुत्थानकोस सम्झनामा उहाँको चेलाहरूले शनिबारबाट आइतबारमा साबथ सारियो जस्ता अनेकौं तर्कहरू। अझ वर्तमान केही वर्षहरूमा साबथको बारेमा केही विवादहरू अझ केही जटिल हुन गइरहेका छन्, जस्तै येशू नै हाम्रो विश्राम हुनुहुन्छ त्यसकारण किन दिनको बारेमा चासो राख्ने, अब हामीले कुनै पनि दिनलाई पवित्र राख्नु आवश्यक छैन। साबथमा विश्राम लिनु भनेको हामीहरूले स्वर्ग जान काम गर्नु भनेर पनि मानिसहरूले अनौठो तर्कहरू प्रस्तुत गर्छन् (जब साबथमा कामै नगर्नु भनिएको छ। याद गर्नुहोस्, यी सबै तर्कहरू बढेबढे इसाई विद्वान भनाउँदाहरूले नै गर्छन् र गरिरहेका छन्। इसाई जगतभन्दा बाहिर ती तर्कहरू गरेको पनि सुनिन्दैन। साबथको बारेमा आक्रमन वा आक्रोस पोखाउनेहरूमा इसाई भनाउँदाहरू नै छन्-अनुवादकको थप)।

अझ अर्को तर्कमा कतिपय इसाईहरूले विश्राम दिन हुनुपर्ने धारणामा चासो राखिरहेका राखिरहेका छन्। आइतबार होस् वा जुनसुकै दिन होस् त्यसको मतलब छैन। तिनीहरूले बाइबलकै अवधारणाहरूलाई आत्मसात् गरेर हामी मानिसलाई विश्राम चाहिन्छ र त्यसको महत्तपूर्णतालाई सिकाइरहेका छन्।

तर हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले परमेश्वरको नैतिक व्यवस्थाको निरन्तरतालाई बुझेर नै जिकिर गरिरहने बानी छ। त्यसमा पनि चौथो आज्ञाको गरिमालाई हामी उचाल्न चाहन्छौं। बाँकी अरू आज्ञाहरू पालन गरेर हामी स्वर्ग जाने होइन भनेको जस्तो साबथलाई पालन गर्नु मुक्ति पाउन होइन भनेर भनेर हामी जिकिर गर्दछौं।

परमेश्वरले साबथ आज्ञामा विश्राम भन्ने अवधारणा किन राख्नुभयो र त्यो किन महत्त्वपूर्ण छ भनेर यस अध्यायमा हामी नियल्नेछौं।

## १. साबथ र सृष्टि

सबै आज्ञाहरूमा केवल चौथो आज्ञामामात्र "याद गर्नु" भन्ने क्रियापद समावेश भएको छ। "नमार्न याद गर्नु, नचोर्न याद नगर्नु, व्यभिचार नगर्न याद गर्नु, लोभ नगर्न याद नगर्नु, आमाबाबुलाई आदर गर्नमा नविर्सिनु, मूर्ति नगर्न याद गर्नु, परमेश्वरबाहेक अरूको आराधना नगर्न याद गर्नु, परमेश्वरको नाउँ व्यर्थमा नलिन वा जप नगर्न याद गर्नु" भनेर तोकिएको छैन। तर साबथको मामिलामामात्र किन परमेश्वरले "याद गर्नु" भन्नुभएको त्यो पनी बोलेरमात्र होइन आफ्नै हातले कोरेर?

याद गर्नु वा सम्झनु भन्ने धारणामा इतिहासमा पहिले के भएको थियो वा विगतमा के भएको थियो सो सम्झनु पर्छ भन्ने सिकाउँदछ। जब हामी केही कुराको याद गर्छौं तब हाम्रो जीवन विगतको जीवनसँग गाँस्न पुग्छौं र "साबथ दिन याद गर्नु र त्यसलाई पवित्र राख्नु" भन्ने आदेशले हामीलाई सिधै सृष्टिको हप्तातिर फर्काउँछ। यो सृष्टिको स्मारक हो।

**हामी मानव सृष्टि भएको कारणले हामी परमेश्वरको विशेष सृष्टि हौं र अरू पृथ्विको अरू कुनै सृष्टिभन्दा हामी मौलिकरूपमा भिन्न छौं भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? ती भिन्नता हामीले बुझ्न किन जरुरी छ सो पनि ध्यान दिएर सोच्नुहोस्। हेर्नुहोस्, उत्पत्ति १:२६,२७ "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा**

**चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" र उत्पत्ति ९:६ "जसले मानिसको रक्तपात गर्छ, मानिसबाटै त्यसको रक्तपात हुनेछ, किनभने परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको हो।"**

जब हामी सृष्टिलाई सम्झिन्छौं तब हामीचाहिँ परमेश्वरको स्वरूपमा सृष्टि गरिएका हौं भनेर याद गर्छौं यो परमेश्वरको स्वरूप भन्ने शब्द सृष्टिको अरू कुनैमा विवरणमा पनि प्रयोग गरिएको छैन। यस ग्रहमा भएका कुनै पनि जीव भन्दा हामी मौलिकरूपमा भिन्न छौं। हो हाम्रो डिएनए अरू पशुहरूसँग मिल्नसक्छ। लोकप्रिय विकासबादको अवधारणा वा कुनै पौराणिक मिथ वा पुरान अनुसार हामी सुक्ष्म जीव वा नरबाँदरबाट बिकसित हुँदै मानिस भएको हौइनौं। हामी परमेश्वरको स्वरूपमा सृष्टि भएको हुनाले यस संसारमा सृष्टि भएको कुनै पनि जीवभन्दा हामी विशेष र फरक छौं।

**सृष्टिको बृतान्तले सृष्टिसँग हाम्रो सम्बन्ध कस्तो छ भनेर हामीलाई कसरी याद दिलाउँछ? हेर्नुहोस्, उत्पत्ति २:१५,१९ "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो।...१९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे।" र उत्पत्ति १:२८ "परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"**

परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभयो भन्ने आत्मज्ञानले हामी सम्पन्न भयौं भने सृष्टिप्रति हाम्रो अभिभारा वा जिम्मेवारी पनि याद गर्न पुग्छौं। सबै सृष्टिमाथि "राज्य गर्नु" वा सृष्टिलाई "बशमा राख्नु" हाम्रो कर्तव्य र जिम्मेवारी हो। त्यसको अर्थ सृष्टिलाई शोषण गर्ने वा तहसनहस पार्ने होइन। हामी परमेश्वरका दूतहरू वा उहाँका कर्मचारीहरू भएर उहाँको सृष्टिलाई सम्हाल्ने

हुनुपर्दछ। जसरी परमेश्वरले प्राकृतिक संसारसँग व्यवहार गर्नुहुन्छ त्यसरी नै हामीले पनि प्राकृतिक संसारसँग व्यवहार गर्नुपर्छ।

हो, पापले सृष्टिको प्रत्येक थोकलाई बिगारी दिएको छ र तहसनहस पारिदिएको छ। यद्यपि, जसरी अझै हामी परमेश्वरको स्वरूप भएको जस्तै यो उहाँको सृष्टि नै हो र यसलाई शोषण गर्नु हाम्रो अधिकार छैन। अरू मानिस वा जीवहरूको हानी गर्ने हैशियतले यस प्राकृतिक संसारलाई ध्वंस पार्ने इजाजत परमेश्वरले हामीलाई दिनुभएको छैन। जुन दुर्भाग्यवस भइरहेको छ।

**साबथले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाउँदछ। त्यस सम्झनालाई आदर गर्नुको साथै यसलाई पालन गर्दा हाम्रो वातावरणलाई राम्रोसँग हिफाजत पनि गर्न विवेकशील गराउँछ भन्ने ज्ञानलाई अरू कुन कुन तरिकाहरूले कार्यान्वयन गर्न सकिन्छ?**

## २. स्वतन्त्रताको उत्सब मनाउँदै

साबथले केवल सृष्टिलाईमात्र औँल्याउँदैन भनेर हामीले अगाडि नै चर्चा गऱ्यौं। दश आज्ञाहरूलाई मोशाले फेरि दोऱ्याएका थिए। इस्राएलीहरू ४० वर्षसम्म उजाड स्थानमा यात्रा गरिरहेको अन्तमा मोशाले तिनीहरूलाई सम्बोधन गरेका थिए। यसबेला जब मोशाले साबथ दिन पवित्र राख्नुपर्ने कारण सृष्टिलाई नऔँल्याइकन दासत्ववाट मुक्तलाई औँल्याएका थिए। तिनीहरूका पूर्खाहरू मिश्र देशमा करिब ४०० वर्षसम्म दासत्वको जीवन बिताएका थिए (व्यवस्था ५:१२-१५)।

आजभोली हामी मिश्रदेशमा दासत्वको जीवन बिताइरहेका त छैनौं तर हामी अरू कुनै किसिमबाट दासत्वको जीवन बिताइरहेकाछौं जसले गर्दा हामी मानव प्राणी कठोर र दमनकारी स्वामित्वमा रहन बाध्य हुन सक्दछौं।

**देहायका पदहरू पढ्नुहोस्। हामीलाई दास बनाउने तत्वहरू कसरी उर्लेर आउँछ भनेर ती पदहरूले कसरी खुलासा गर्दछन्? हेर्नुहोस्, उत्पत्ति ४:६,७ "६ तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तँ किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो छ? ७ यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र? तर यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ।", हिब्रू १२:१ "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं।" र २ पत्रुस २:१९ " हामीसित भएका**

**अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ।"**

हामीलाई बाँधेर दवाएर राख्ने सबै तत्वहरूबाट हामी स्वतन्त्र भयौं भनेर पनि जनाउन उत्सब मनाउने दिन साबथ हो। हामी हाम्रो धर्मकर्म वा असल काम र बाहुबलबाट पापबाट स्वतन्त्र हुँदैनौं तर परमेश्वरको शक्तिलेमात्र हुन्छ र त्यो स्वतन्त्रता हामीलाई हाम्रो विश्वासद्वारा उपलब्ध गराइएको छ। जब हामी प्रत्येक हप्ता साबथलाई स्वागत गर्दछौं तब त्यो स्वतन्त्रता कुनै मानवीय प्रयासमा होइन परमेश्वरकै प्रयासबाट पाएकाछौं भनेर सम्झना भइरहनुछ। इस्राएलीहरू मिश्रदेशबाट राती नै भाग्नु अगावै तिनीहरूबाट जन्मेका जेठा सन्तान कोही नमरुन् भनेर तिनीहरूको ढोकाको चौकोसहरूमा पाठोको रगतले पोतेका थिए (प्रस्थान १२)। हामी पनि थुमाको रगतले उद्धार पाएका छौं र अहिले नै येशू ख्रीष्टमा स्वतन्त्र भएर टाउको उठाएर हिँड्न सामर्थी बनेका छौं।

**रोमी ६:१-७ पढ्नुहोस्। पावलले यहाँ हामीलाई के भनिरहेको छ जसमा हामीले के पाएका छौं सो साबथको अवधारणासँग गाँसिएको पाउँछौं? हेर्नुहोस्, "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ।"**

व्यवस्था ५:१५मा मोशाले स्पष्टरूपमा यी शब्दहरू उच्चारण गरेको पाउँछौं-"तिमीहरू मिश्र देशको भूमिमा दास थियौ भन्ने कुरा याद गर, र तिमीहरूका प्रभु परमेश्वरले उहाँको बाहुबल र फैलाएको हातले तिमीहरूलाई त्यहाँबाट निकालेर ल्याउनुभएको थियो" (रूपान्तरित)। तिनीहरूलाई उद्धार गर्न परमेश्वरले नै तिनीहरूको लागि शक्ति प्रयोग गर्नुभएको थियो र उहाँकै

कामले तिनीहरू स्वतन्त्र हुन सक्यो भनेर ती मानिसहरूलाई मोशाले सम्झाएका थिए। हामी येशूभक्तहरूले पनि हाम्रो निम्ति काम गर्नुहुने र शक्तिलाई प्रयोग गर्नुहुने ख्रीष्टले हामीलाई पापबाट उद्धार गर्नुभएको छ भनेर सम्झिरहनु कतिको महत्त्व छ?

हाम्रो निम्ति सक्रिय भएर मुक्ति उपलब्ध गराउनुभएको परमेश्वरको बाहुबलमा हामी विश्राम लिनुपर्छ भन्ने साबथमा समावेश भएको आदेशले हामीलाई बताउँछ। हामीहरूको धर्मकर्म, असल काम, सतप्रयास आदिबाट धर्मी ठहरिने प्रयासबाट हामी मुक्त भएकाछौं भनेर साबथको अवधारणाले देखाउँछ। त्यतिमात्र होइन अहिले नै हाम्रो जीवनलाई पुनसंरचना वा पुनसृष्टि गरेर पापको दासत्वबाट स्वतन्त्र गर्नुहुने परमेश्वरमा भरोसा राख्न सक्छौं भनेर साबथले बताउँछ। तर एउटामात्र सर्त के छ भने हाम्रो जीवनमा उहाँलाई काम गर्न दिनुपर्दछ।

**पापको दासत्वको अनुभव तपाईं आफैमा के छ? येशू ख्रीष्टमा हामीले पाएको पापको दासत्वको प्रतिज्ञालाई अहिले नै उपभोग गर्न हामीले कसरी सिक्ने?**

## ३. तिम्रा ढोकाहरूमा रहेको पाहुना वा अपरिचित व्यक्ति

**प्रस्थान १९:६ पढ्नुहोस्। यस पदले पौराणिक इस्राएलको प्रतिष्ठा कस्तो थियो भनेर हामीलाई कसरी बताउँछ? "तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" येशू ख्रीष्टमा हामी पनि आत्मिक इस्राएल भएको हैशियतले हाम्रो प्रतिष्ठा पनि कस्तो छ? हेर्नुहोस्, १ पत्रुस २:९ "तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।"**

इस्राएललाई परमेश्वरको करारका नजहरू हुन परमेश्वरले मिश्रदेशबाट निकाल्नुभएको थियो। यदि तिनीहरू राष्ट्र नै भएर परमेश्वरमाथिको विश्वासमा अटल भएर बसेको भए तिनीहरूबाट नै सारा संसारमा सुसमाचार फैलिने थियो। तिनीहरू परमेश्वरको विशेष चासो र हेरचाहामा परेका थिए, तिनीहरूलाई विशेष अवसरहरू दिएका थिए तर तिनीहरूको काँधमाथि विशेष अभिभारा वा जिम्मेवारीहरू पनि थिए।

**इस्राएली जनहरूबाहेक अरू देशका वा अयहूदी जाति वा विदेशीलाई परमेश्वरले कस्तो दृष्टिकोणले हेर्नुभएको थियो? देहायको पदले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, प्रस्थान २३:१२ "छ दिनसम्म आफ्नो कामकाज गर र सातौं दिनमा चाहिँ विश्राम लेओ, र तिमीहरूको गोरु, गधा, तिम्रो घरमा जन्मेको दास, र विदेशी पनि ताजा होऊन्।"**

साबथको विश्वव्यापीतालाई कतिपय इसाईहरूले आँखा चिम्लेको हामी पाउँछौं। ए, यो त केवल यहूदीहरूलाईमात्र दिइएको हो भनेर तिनीहरूले नै दावी गर्छन्। यो कस्तो गलत दावी हो भनेर उत्पत्ति पहिलो अध्यायले नै खुलासा गरिएको छ। परमेश्वरले नै सारा मानिसहरूलाई सृष्टि गर्नुभएको हो भने, सारा मानिसहरूले साबथ दिनलाई सम्झनु पनि आवश्यक छ।

साबथले हामीलाई के देखाउँछ भनेर हामीलाई देखाएतापनि यसले अरूप्रति हाम्रो दृष्टिकोण कस्तो हुनुपर्छ भनेर पनि याद दिलाएको बिर्सिनुहुन्न। सृष्टिकर्ता र उद्धारकर्ता परमेश्वरमा हामी विश्राम गर्दा र उहाँसँग हाम्रो सम्पर्क जारी राख्दा अरूप्रति हाम्रो दृष्टिकोण नयाँ आँखाले स्वःत हेर्न सक्षम् हुन्छौं। तिनीहरू पनि हामीजस्तै त्यही परमेश्वरले सृष्टि गर्नुभएको हो, हामीलाई प्रेम गरिएको जस्तै तिनीहरूलाई पनि त्यही परमेश्वरले प्रेम गर्नुहुन्छ र हाम्रो निम्तिमात्र होइन तिनीहरूको निम्ति पनि मर्नुभएको थियो भनेर साबथले हामीलाई याद दिलाइरहन्छ। साबथमा नोकरचाकरहरू, घरमा आएका पाहुना वा अपरिचित मानिसहरू र पशुहरूले पनि साबथमा विश्राम लिनुपर्छ भन्ने निर्देशन दिएको हामीलाई थाहा छ (प्रस्थान २०:१०, व्यवस्था ५:१४)।

घरमा आएका विदेशीहरू जो कि इस्राएलीहरूको करारमा समावेश भएका छैनन् तिनीहरू पनि साबथको विश्रामको उपभोग गर्नुपर्छ भनिएको छ। यसले हामीलाई धेरै कुराहरू बताउँछ। मानव प्राणीहरूलाई र पशुलाई पनि कहिल्यै पनि शोषण गर्नुहुन्न, दुर्व्यवहार गर्नुहुन्न र तिनीहरूबाट फाइदा उठाउन खोज्नु हुन्न भन्ने साबथको सन्देश छ। हामी सबै साझा मानिसहरू हौं र तिनीहरू र हाम्रो बीचमा समानता छ भनेर प्रत्येक हप्ता यहूदीहरू र हामी पनि प्रत्येक हप्ता प्रभावकारी रूपमा सम्झिरहनुपर्दछ। हामीले उपभोग गरेका आशिषहरू र अवसरहरू तिनीहरूले गर्न नपाएतापनि हामी सबै एउटै मानव परिवारको भाग हौं भन्ने कुरालाई ख्याल गरिराख्नु जरुरी छ। यस मनस्थितिलाई हाम्रो दिमागमा पोषाइ राख्न सक्यौं भने हाम्रो सम्पर्कमा आएको प्रत्येक व्यक्तिलाई सम्मान र मर्यादापूर्वक व्यवहार गर्ने परमेश्वरका जनहरू हुनसक्छौं।

साबथलाई पालन नगर्नेहरूको निम्ति पनि तपाईंको आफ्नै साबथ पालनाले तिनीहरूको निम्ति आशिष तपाईं कसरी हुनसक्नुहुन्छ? अर्थात् अरूको अगाडि तपाईंले साबथ नै गवाहीको रूपमा कसरी प्रयोग गर्न सक्नुहुन्छ?

## ४. अरूको सेवा गर्दा परमेश्वरको साबथको सम्मान हुन्छ

नयाँ करारको संसारसम्म यहूदी धर्मगुरुहरूले साबथ कसरी पालन गर्नुपर्छ भनेर विभिन्न नीतिनिर्देशनहरू जारी गरेका थिए। साबथ कसरी पवित्र राख्ने भनेर तिनीहरूले दर्जनौं निषेध आज्ञाहरू र कानुनहरू मानिसहरूमाथि लादिएका थिए। यो गर्नुहुन्छ त्यो गर्नुहुन्न भनेर सानो सानो कुराहरूमा पनि बन्देज लगाइएको थियो।

तिनीहरूमा कुनै बस्तु वा डोरी वा धागो बाँध्नुहुन्न वा फुट्काउनुहुन्न, साबथमा आगो बाल्नुहुन्न, आगो निभाउनुहुन्न, आफ्नो घरबाट बाहिर सामान लानुहुन्न, बाहिर सामान लगेपनि केवल यति टाढामात्र जान पाइन्छ, यति टाढा हिँड्नुहुन्छ वा हिँड्नुहुन्न जस्ता मानिसहरूलाई भारी बनाउने अनेकौं रितिरिवाजहरू थिए जुन परम्परा संस्कार भनेर मानिसहरूलाई जबरजस्ती मान्न लगाउँथे।

तर जब येशू आउनुभयो उहाँ ती परम्परा र बन्देजभित्र रहनुभएन। जब येशूले मानिसले बनाएका केही परम्पराहरू तोड्नुभयो तब यहूदीहरूले उहाँमाथि कस्तो आरोप वा घोर आपत्ति जनाएका थिए? हेर्नुहोस् यूहन्ना ५:७-१६ "१ त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात्– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे। [तिनीहरू पानी कति बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड़।" ९

**तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड्हिाल्यो। त्यो दिन शबाथ-दिन थियो। १० यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, 'आफ्नो ओछ्यान बोकेर हिँड़'।" १२ तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिँड़ भन्ने मानिस को हो?" १३ तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो। १४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।" १५ उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो। १६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो। १७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।" १८ यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढ़ी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने काम मात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो।"**

३८ वर्षसम्म पक्षाघात भएर निको होलाकि भन्ने आशामा झुण्डिरहेको बिचरा पक्षाघाती मानिसलाई येशूले उसको रोगबाट अचम्म तरिकाले स्वतन्त्र निको पार्नुभएको थियो। तर मानिसको मूल्यभन्दा पनि धर्मलाई माथि राख्न् यहूदी धर्मगुरु वा पण्डितहरूले येशूको काममा घोर आपत्ति जनाएका थिए। उहाँले त्यस मानिसलाई आफ्नो ओछ्यान सबैले देख्ने गरेर बोकेर लैजाऊ भन्नु भएको थियो। त्यो काम उहाँले अरू कुनै दिनमा गर्नुभएको भए सायद केही हुने थिएन तर उहाँले जानाजानी साबथ दिनमै गर्नुभएको थियो। साबथ दिनमा यो गर्नुहुन्छ त्यो गर्नुहुन्न भन्ने नियमहरूको भारले लादिएका यहूदी धर्मगुरुहरूलाई येशूको काम आपत्तिजनक थियो।"साबथको प्रभुले (मर्कूस २:२८) साबथ कस्तो किसिमको विशेष दिन हुनुपर्छ भनेर देखाउनुभएको थियो तर ती धर्मगुरुहरू आफ्ना अनेकौं नियम, कानुन र रितिरिवाजमा डुविरहन चाहेका थिए। हामी पनि हाम्रै तरिकाले र हाम्रै सन्दर्भमा नियमहरू बनाएर साबथलाई बोझ नबनाउन सतर्क हुनु आवश्यक छ।

**साबथलाई कसरी पालन गर्ने, धर्मभन्दा मानिसको सेवाले कस्तो प्राथमिकता पाउनुपर्छ र परमेश्वरसँग कसरी सम्बन्ध राख्ने भनेर परमेश्वरले**

केही हदमा आफ्नो रुपरेखा यशैया ५८मा प्रस्तुत गर्नुभएको छ। हेर्नुहोस्, "१ “चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, ‘हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?’ “तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ “अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, ‘म यहीं छु’। “यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ।

**१२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"**

अरूभन्दा आफू धर्मात्मा छु भनेर देखाउने बेकारको आराधना वा मौन रहेर ध्यान मात्रै गरेर बस्ने खालका प्रवृत्तिलाई परमेश्वरले निको मान्नुहुन्न। गरिब, पिछडिएका, पिडित मानिसहरूको सक्रियरूपमा सेवा गर्ने बानी बसालोस् भन्ने परमेश्वरको चाहना छ।

यस मामिलामा परमेश्वरले यशैया ५८:१३,१४मा स्पष्ट धारणा राख्नुभएको छः "१३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"

आफूखुशी चल्ने वा आफ्नो चासो वा रमाइलो वा मज्जा गरेर साबथमा हिँड्नु भनेको साबथको गरिमालाई कुल्चेर बिताउनु हो। साबथमा के गर्नुपर्छ के गर्नुहुन्न भन्ने जस्ता मानवीय रितिरिवाज वा नीतीहरू परमेश्वरको साबथको आदर्शमा समाबेश भएको छैन। तर जो मानिसहरू संघर्ष गरिरहेका छन्, जो पाप वा अनेकौं बन्धनमा छन्, भोका, नाङ्गा, उदासिन तथा आफ्नो अस्तित्वको पहिचान वा मूल्य नभएका र अन्धकारमा हिँडिरहेकाहरूको सेवा गर्न हामीलाई आह्वान गरिएको छ। अरू दिनभन्दा पनि बढि साबथमा हामीलाई बाहिरतिर तान्ने हुनुपर्छ, हाम्रो स्वार्थ र हाम्रो हितमात्रै खोज्नुभन्दा अरूप्रति चासो देखाउनुपर्छ र अरूको आवश्यकतालाई पनि साबथ दिनमा हेर्ने बानी बसाल्नुपर्छ।

## ५. हामी परमेश्वरका हौं भन्ने चिन्ह वा निसान

(सन १९३९देखि १९४५सम्ममा विश्व महान् दोस्रो युद्धको चपेतामा थियो। सारा राष्ट्रहरू नै कुनै न कुनै किसिमले त्यस युद्धमा होमीएको थियो। नेपालका हजारौं लाहुरे गोर्खाली सैनिकहरू त्यस युद्धमा होमिएका थिए। त्यस युद्धका मूल खलनायकहरू जापान र जर्मन थियो। जब जापानमा अमेरिकाले एटम बम्ब खसाले तब जापान निस्कृय भयो भने जर्मनको विरोधमा एक जुट भएका पश्चिमी राष्ट्रका सैनिकहरू जर्मनमा घेर हाले तब त्यसको खलनायक हिटलरले आत्महत्या गरे। त्यसको फलस्वरुप तत्काल विश्व युद्धको अन्त्य भयो।– अनुवादकको थप)।

त्यस युद्धमा जर्मनका सेनाहरूले बिलायतमा तुरन्तै हमला गर्नेछ भन्ने त्यहाँको सरकारले सोचिरहेको थियो। आफ्नो टापु देश बिलायतलाई सुरक्षा गर्न त्यस देशको देश र सरकार तयार गरिरहेका थिए। समुद्री किनाराहरूमा थप किल्लाहरूको निर्माण गरिएका थिए। शत्रुहरू सडकहरू भएर हमला गर्न आउला भनेर मूख्य मूख्य सडकहरूमा अवरोधहरू खडा गरेका थिए। विलायतको सरकारले अनि एउटा अनौठो काम गऱ्यो। शत्रुहरूलाई अलमलमा पार्न बाटो र रेल चल्ने लिगमा भएका दिशा देखाउने सबै साइनबोर्डहरू हटाइदियो। तर ढुंगामा कोरिएका अक्षर वा चिन्हहरू हटाउन नसक्ने भएकोले तिनीहरूलाई सिमेन्टले पोतेका थिए।

बाटोघाटोमा उभ्याइएका बाटो वा अरू महत्त्वपूर्ण सूचना देखाउने साइनबोर्डहरू धेरै महत्त्वपूर्ण हुन्छन्। हामी कता जानुपर्छ भनेर तिनीहरूले बताउँछन्। हामीले नक्सा हेरेर पनि हामी कहाँछौं भनेर थाहा पाउन सक्छौं। आजभोली महङ्गो गाडीहरूमा जिपएस उपकरणहरू राखिएका हुन्छन् जसले गाडी कहाँ जाँदैछ भनेर भित्रैबाट थाहा हुन्छ।

**हामीलाई दिशानिर्देश गर्न वा के देखाउन साबथ स्थापना भएको थियो? हेर्नुहोस् प्रस्थान ३१ः१३,१६। यहाँ बताएको ज्ञानलाई हामीहरूले कसरी प्रयोगमा ल्याउने? विशेष गरेर हामी एडभेन्टिस्टहरू जसले परमेश्वरका दश आज्ञाहरूको निरन्तरतालाई विश्वास गर्छन्? हेर्नुहोस्, "१३ “तिमीले इस्राएलीहरूलाई यसो पनि भन्नूः ‘तिमीहरूले निश्चय मेरा शबाथहरू मान्नू। तिमीहरू र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै, तिमीहरूलाई पवित्र गर्दछु भनी तिमीहरूले थाहा पाओ।... १६ इस्राएलीहरूले शबाथ मानून्, र त्यो दिन आफ्ना सारा पुस्ताभरि अविराम करारको रूपमा मान्ने गरून्। १७ म र इस्राएलीहरूका बीचमा त्यो सदाको निम्ति एउटा चिन्ह हुनेछ, किनभने**

**परमप्रभुले छ दिनमा आकाश र पृथ्वी बनाउनुभयो, तर सातौं दिनमा उहाँले काम छोड़ेर विश्राम गर्नुभयो' ।"**

माथिका वचनहरू विशेष गरेर पौराणिक इस्राएलीहरूलाई सम्बोधन गरेका थिए यद्यपि येशूलाई विश्वास गर्ने हामीहरू पनि अब्राहमका सन्तान र प्रतिज्ञाका उत्तराधिकारीहरू (गलाती ३:२९) भएर आत्मिक इस्राएल भएको हुनाले आज पनि साबथ परमेश्वर र उहाँका जनहरूको बीचमा चिन्ह भएर खडा भइरहेको छ। साबथ परमेश्वरको निरन्तर जारी राखिने करारको चिन्ह वा लालमोहर हो भनेर प्रस्थान ३१मा कोरिएको छ। यस चिन्हले हाम्रो सृष्टिकर्ता परमेश्वर नै को हुनुहुन्छ, हाम्रो उद्धारकर्ता परमेश्वर नै को हुनुहुन्छ र हामीलाई शुद्ध वा पवित्र पार्ने परमेश्वर नै को हुनुहुन्छ भनेर थाहा दिन सहयोग गर्दछ विशेष गरेर धर्मदर्शनका प्रवर्तकहरूले आफूहरू पनि सृष्टिकर्ता हौं भनेर दावी गरिएको परिप्रेक्षमा। साबथ एउटा झण्डा हो जुन प्रत्येक सातौं दिनमा उठाइन्छ र केही कुराको याद दिलाउँछ किनभने हाम्रो बिर्सने स्वभाव छ।

यस परमेश्वरको साबथले हामीलाई यी कुराहरूलाई निरन्तररूपमा याद दिलाएर औंल्याइरहन्छः हामीहरूको उत्पत्ति कहाँबाट भयो, हामीहरू पापबाट कसरी स्वतन्त्र भयौं, हामीहरूको लक्ष्य वा जीवनको रेखा कहाँ गएर टुङ्गिन्छ, कुजात भनेर समाजबाट तिरस्कार गरिएकाहरू, पिडित, हेपिएका र गरिब वर्गहरूप्रति हाम्रो जिम्मेवारी के हो, छ दिनहरूमा परिश्रम गर्नैपर्ने जस्ता केही महत्त्वपूर्ण ज्ञानहरू।

साँच्चै भनौं भने साबथ यस्तो महत्त्वपूर्ण छ कि यसतिर हामी नगइकन यो नै हामीकहाँ प्रत्येक हप्ता आउँदछ। यो प्रत्येक हप्तामा नबिराइकन आउने साबथले हामी को हौं, हामीलाई कसले सृष्टि गर्नुभयो, उहाँले हामीलाई के गरिरहनुभएको छ र जब उहाँले नयाँ स्वर्ग र नयाँ आकाशको सृजना गर्नुहुनेछ र अन्तमा उहाँले हामीलाई के गर्नुहुनेछ भनेर निरन्तररूपमा याद दिलाउँछ।

पवित्र परमेश्वरले आफ्नो हात पसारेर मानिसहरूसँग करार बाँध्नुभएर उहाँसँग हामी सहभागी हुनसकौं भनेर हामीलाई साबथद्वारा निमन्त्रणा गरिरहनुभएको भएकोछ। कुन लयले उहाँले आफ्नो प्रभुत्व जमाउनुहुन्छ, परमेश्वरबाट टाढा हुन खोज्ने सृष्टिको सृष्टिकर्ता र उद्धारकर्ता को हुनुहुन्छ र उहाँसँग कसरी सम्बन्ध राख्ने भनेर साबथको गरिमाले औंल्याउँछ। यो प्रत्येक हप्ता परमेश्वरको अधिकार र बल लिएर हामीकहाँ आउँछ। हामीलाई ख्रीष्टमा

सित्तैंमा दिइएको साबथमा विश्राम गर्न परमेश्वरले आदेश दिनुहुन्छ। यही साबथको अवधारणाले सृष्टिकर्ता र मुक्तिदाता प्रभु येशू ख्रीष्टप्रति नै यसरी प्रतिवद्धता जनाउँछौं, "हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" (हिब्रू १२:२)।

**साबथमा परमेश्वरसँग अझ गहिरो सम्बन्ध राख्ने अनुभव हुन तपाईँ कसरी सिक्नुहुन्छ?**

**उपसंहारः**

"हप्ताभरी नै हामीहरूको दिमागमा साबथ राखिरहनुपर्दछ र परमेश्वरको आज्ञा अनुसार पालन गर्न तयार भइरहनुपर्दछ। कुनै परम्परा धर्म, बिधि भन्दै कानुनीरूप दिएर साबथलाई औपचारिकरूपमामात्र पालन गर्न हुँदैन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ३५३बाट रूपान्तरित।

"सारा स्वर्ग नै साबथलाई पालना गरिरहेको छ। तर यो गर्नुहुन्छ, त्यो गर्नुहुन्न भनेर लामो अन्त्य नहुने सूची बनाएर होइन। यस दिनमा प्रत्येक मानव प्राणीको आत्मा जागृत हुनुपर्दछ। के हामी हाम्रा प्रभु परमेश्वर र हाम्रा मुक्तिदाता येशू ख्रीष्टसँग भेट्ने होइन र? हामीले उहाँलाई हाम्रो आस्था र विश्वासको नजरले हेर्दछौं। प्रत्येक मानिसलाई आशिष दिन र ताजा बनाउन उहाँ उत्सुक भइरहनुभएको छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च ठेली ६, पृ. ३६२बाट रूपान्तरित।

"अरू कुनै दिनहरूभन्दा साबथमा परमेश्वरका मागहरू झन चर्को छन्। उहाँका जनहरूले आफ्ना नियमित कामधन्धाहरू छोड्छन् र परमेश्वरको उपासना र ध्यानमा समय बिताउँछन्। अरू दिनहरूभन्दा पनि साबथमा परमेश्वरको अझ धेरै आशिषहरूको निम्ति बिन्ति गर्दछन्। परमेश्वरको विशेष ध्यान आफूहरूतिर फर्कियोस् भनेर तिनीहरूले माग गर्दछन्। उहाँका मन पर्ने आशिषहरू तिनीहरूले चाहना गर्दछन्। यी आशिषहरू नदिइकन साबथ बितेको परमेश्वर चाहनुहुन्न। परमेश्वरको काम कहिल्यै पनि रोकिएको हुँदैन र मानिसहरू पनि असल काम गर्न कहिल्यै रोक्नुहुन्न। साबथ दिनमा बेकारमा सुतीसुती वा केही नगरि अल्छि भएर समय बिताउने होइन। परमेश्वरको आज्ञाले साबथ दिनमा पैसा कमाउने परिश्रम र अधार्मिक क्रियाकलाप नगरियोस भन्ने परमेश्वरको आज्ञा छ। हप्ताभरि पसिना

बगाएको एक दिन रोक्नै पर्छ; यस दिनमा पैसा कमानउने काम र सांसारिक मोजमज्जामा समय बिताउनु परमेश्वरको सामु गैरकानुनी छ; तर जसरी उहाँले आफ्नो सृष्टि गर्नुभएको कामलाई साबथमा रोक्नुभयो र विश्राम लिनुभयो र आशिष दिनुभयो, त्यसरी नै मानव प्राणीले आफ्नो दैनिक आयआर्जना गर्ने कामलाई रोक्नुपर्छ र पवित्र समयमा स्वास्थलाई स्फूर्त बनाउन विश्राम लिनुपर्छ, परमेश्वरको आराधना गर्नुपर्छ र पवित्र कामहरूमा लाग्नुपर्छ। ख्रीष्टले साबथ दिनमा निको पार्नु भएको काम परमेश्वरको व्यवस्थासँग सिद्ध सहमत छ। यसले साबथको गरिमालाई सम्मान गर्दछ।"-एलेन जी ह्वाइटः द डिजाएर अभ एजेज्, पृ. २०७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **धेरै देशहरूमा वातावरणलाई कसरी संरक्षण दिने भन्ने विषयमा ठूलो राजनैतिक बादविवादको विषय भइरहेको छ। कुनै पनि राजनैतिक पक्ष नलिइकन हामी एडभेन्टिस्ट भएको हैशियतले प्रकृतिलाई राम्रोसँग हिफाजत गर्ने हौं भनेर व्यवहारिकमा कसरी देखाउन सक्छौं?**

आ. **सेवा भन्ने भावना हाम्रो दिमागबाट सुरु हुन्छ। हाम्रा परिवारहरूमा, चर्चहरूमा र समूदायहरूमा वरिपरि भएकाहरूलाई अझ गहिरो मायालु तरिकाले सेवा गर्ने मनस्थिति हाम्रो दिमागमा कसरी बसाल्ने? साबथले सेवा गर्ने झन थप अवसरहरू कसरी प्रदान गर्न सक्छ?**

इ. **प्रत्येक मानव प्राणी परमेश्वरले नै सृष्टि गर्नुभएको हो भने प्रत्येक साबथले हामीलाई याद दिलाउँछ। यसले मानिसहरूलाई परमेश्वरको दृष्टिकोणले हेर्न मद्दत गर्दछ। जब हामी परमेश्वरको स्वरुपमा सृष्टि भएका हौं र सबै जना उहाँको प्रेममा सहभागी हुने बनाइएको छ भन्ने आत्मज्ञानलाई साबथको अवधारणले जातिजाति, वर्ण, धनिगरिबको असमानता र लैङ्गिक विभेदलाई कसरी धरातलमा पुऱ्याउन कसरी सहयोग गर्न सक्दछ?**

## कथा १०
## द्विविधा
## इराकी परिवार, अमेरिकाका शरणार्थीहरू



इराकमा कसैले बुबालाई येशूको बारेमा सुनाएको थियो। बुबा येशूप्रति मोहित हुनुभयो र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक हुन थाले तर आमाचाहिँ परम्पराकै धर्ममा निष्ठावान हुन अडिग भएकी थिइन्। केही समयपछि इराकमा त्यस परिवारको निम्ति जीवन जटिल हुन थाल्यो। आमा र दुई छोरीहरूको सुरक्षालाई ध्यानमा राख्दै बुबाले अमेरिकामा शरणार्थी भएर परिवारलाई सारे।

एक वर्षसम्म अमेरिकाको मिशिगन राज्यमा बसेपछि त्यस परिवार क्यालीफोर्नियामा सऱ्यो। मिशिनको जाडोले बुबा सहन सकेनन्। मिशिगनको कथाङ्ग्रिने जाडोले इराकको लडाईंमा पाएको बुबाको घाऊ दुख्थ्यो। क्यालिफोर्नियामा बुबा र आमाले तिनीहरूका छोरीहरूलाई सरकारी स्कूलमा भर्ना गरेका थिए। तब छोरीहरू एडभेन्टिस्ट स्कूलमा पढ्न सकुन् भनेर बुबा प्रार्थना गर्थे। चर्चको स्कूलमा पैसा तिर्न उनीसँग पैसा थिएन। उनीसँग पैसै भएपनि एडभेन्टिस्ट स्कूल कहाँ छ भनेर भन्ने कुनै एडभेन्टिस्ट उनले चिनेका थिएनन्। तैपनि उनले यो प्रार्थना गर्दै रहे, "परमेश्वर पिता, मेरी छोरीहरूले एडभेन्टिस्ट शिक्षा पाउन सहयोग गर्नुहोस्। सेभेन्थ-एडभेन्टिस्टलाई चिन्न मलाई सहयोग गर्नुहोस्।"

एक दिन, आवश्यक परेको परिवारहरूलाई खाना बाँड्ने खाना बैङ्कमा बुबा गए। जब खाना लिन लाइनमा पर्खिरहेका थिए बुबाले एक जना स्वयंसेवकसँग कुराकानी गर्न थाले। उनी त सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर पो रहेछ भनेर थाहा बुबाले थाहा पाए। त्यतिमात्र नभएर त्यस खाना बैङ्कलाई सञ्चालन गर्ने निकाय त सेभेन्थ-डे एडभेन्टिस्ट चर्च रहेछ र त्यस चर्चको आफ्नै स्कूल पनि भएको बुबाले थाहा पाए।

घरमा बुबाले आमालाई असल खबर सुनाए। उनी र आमाले छोरीहरू स्कूलमा फर्कुन् र तिनीहरू ठूलो भएपछि परिवारलाई हेरुन् भनेर

केही पैसा जम्मा गरिराखेका थिए। तिनीहरूको त्यो अमूल्य पैसा तिनीहरूको छोरीहरूको फी तिर्न प्रयोग गर्ने निर्णय तिनीहरूले गरे।

केही समयपछि बुबा र आमा चर्च स्कूलमा आए। तिनीहरूको साथमा ९ र ११ वर्षका छोरीहरू थिए। तिनीहरू आफ्ना अनुहारहरू उज्यालो पारेर प्रिन्सिपलको अफिसमा उनलाई पर्खेर बसे। के हुने होला भनेर पनि बुबा र आमा अचम्म मान्दै थिए।

प्रिन्सीपल र चर्च पास्टर एक आपसमा हेराहेर गरेर बुबा, आमा र केटीहरूतर्फ फर्के। बाबुआमाले आफ्ना छोरीहरूलाई एडभेन्टिस्ट स्कूलमा भर्ना गर्ने निधो गरेकोमा प्रिन्सिपल र पास्टर मार्मिक भएका थिए। तर बुबा र आमाले बचाइराखेको पैसा स्कूलको फी तिर्न पुग्दैनथ्यो।

"तपाईंका छोरीहरू यस स्कूलमा पढ्न हामी चाहन्छौं तर दुर्भाग्यवस तिनीहरूको फी तिर्न तपाईंहरूसँग भएको पैसाले पुग्दैन, दुःख मान्दै प्रिन्सिपलले सुनाइन्।

प्रिन्सिपल एक छिन रोकेर पास्टरको मुख फेरि हेरिन्। पास्टरको आँखामा करुणा छाएको उनले देखिन् र आफ्नो भनाइलाई अगाडि बढाइन्। "तपाईंका छोरीहरूलाई हामी स्कूलमा भर्ना गर्नेछौं र परमेश्वरमाथि विश्वास र भरोसा राख्दै अघि बढौं। उहाँले तपाईंहरूको छोरीहरूलाई सहयोग गर्न कोही त पठाउनुहोला," प्रिन्सिपलले ढुक्क भएर बोलिन्।

पास्टर, प्रिन्सिपल, बुबा, आमा र दुई छोरीहरू भुईंमा घुँडा टेकरे प्रार्थना गरे, "दयालु प्रभु, हामीलाई सहयोग गर्नुहोस्। यी अमूल्य दुई छोरीहरूको शिक्षाको निम्ति पैसा जुटाइ दिनुहोस्," पास्टरले प्रार्थना गरे।

परिवार स्कूलबाट फर्केको लगत्तै प्रिन्सिपलले फोन पाइन्। त्यो फोन उत्तर अमेरिका डिभिजनको शरणार्थी हेर्ने निकायको संयोजकको थियो। चर्च स्कूलमा पढ्न चाहने शरणार्थीहरूका छोराछोरीहरू पढ्ने फी तिर्न उनीसँग पैसा छ भनेर उनले सुनाइन्। त्यो पैसा सन २०११को तेऱ्हौं साबथ स्कूल भेटीबाट उब्रेको थियो भनेर पनि उनले भनिन्।

प्रिन्सिपल र पास्टरले त पत्याउनै सकेनन्। तुरन्तै प्रिन्सिपलले बुबालाई फोन गरेर भनिन् कि उनका छोरीहरूको निम्ति फी तिर्ने पैसा पाइएको छ। "मलाई थाहा थियो कि परमेश्वरले हाम्रा प्रार्थनाहरू सुन्नुहुन्छ!" भनेर बुबाले खुशी व्यक्त गर्दै जवाफ दिए।

**लेखिकाः** टेरी सेली